घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : १) जोमसोम, फाल्गुण २३ गते, २०७७ साल (संख्या : ७)

## भाग—२

घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको सूचना

**घरपझोङ गाउँपालिकाको खानेपानी तथा साना सिंचाई उपभोक्ता समिति दर्ता, नवीकरण र सूचीकृत गर्ने सम्बन्धी कार्यविधि, २०७७**

**प्रस्तावना** : नेपालको संविधानको अनुसूची ८ को क्र.सं. ११, १९ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को २ को ट(१), ध(१) र ४(ग) अनुसार खानेपानी तथा सिंचाईको संरक्षण, सम्बर्द्धन, सुधार र व्यवस्थापन गर्दै वितरण प्रणालीलाई मापदण्ड बनाई सहज, सरल, पारदर्शी र न्याय पूर्ण बनाउन बाञ्छनीय भएकोले घरपझोङ गाउँपालिकोको कार्यपालिकाले यो "घरपझोङ गाउँपालिका खानेपानी तथा साना सिंचाई उपभोक्ता समिति दर्ता, नवीकरण र सूचीकृत गर्ने सम्बन्धी कार्यविधि, २०७७" जारी गरी लागू गरेको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "घरपझोङ गाउँपालिका खानेपानी तथा साना सिंचाई उपभोक्ता समिति दर्ता, नवीकरण र सूचीकृत गर्ने सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**परिच्छेद -२**

२. **नयाँ खानेपानी तथा साना सिंचाई उपभोक्ता समिति दर्ता सम्बन्धि व्यवस्थाः**

(१) उपभोक्ता समितिले खानेपानी तथा साना सिंचाई सम्बन्धी निर्माण गर्न चाहेमा अनुसूची १ बमोजिमको दाँचामा घरपझोङ गाउँ कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त पेश गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम पर्न आएको दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची २ बमोजिमको योग्यता भए नभएको सम्बन्धमा पूर्वाधार विकास तथा भवन नियमन शाखा प्रमुख, सामान्य प्रशासन शाखा प्रमुख र संघ संस्था हेर्ने अधिकृत सहितको ३ सदस्यीय भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ।

(३) दफा २ अनुसार समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले दर्ता प्रमाण-पत्र प्रदान गर्ने निर्णयका लागि गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

(४)उपदफा (२) बमोजिमको सिफारिस सहित न्यूनतम योग्यता पुगेको उपभोक्ता समितिको दर्ता प्रमाण पत्र गाउँपालिका अध्यक्षको निर्णय बमोजिम गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतले दर्ता प्रमाण-पत्र बापत गाउँ सभाले तोकेको दस्तुर लिई अनुसूची ३ बमोजिमको ढाँचामा उपभोक्ता संस्थालाई दर्ता प्रमाण-पत्र प्रदान गर्नेछ ।

३. **उपभोक्ता समितिको दर्ता प्रमाण-पत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्थाः**

(१) दफा २(४) बमोजिम प्रदान गरिएको दर्ता प्रमाण-पत्र दफा ५ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आ.ब. को अन्त्यसम्म मात्र मान्य हुनेछ ।

(२)उपदफा (१) बमोजिम उपभोक्ता समितिको दर्ता प्रमाण-पत्रको अवधि समाप्त भएको प्रत्येक उपभोक्ता समितिले दर्ता प्रमाण पत्रको अवधि समाप्त भएको ३ महिनाभित्र प्रचलित कानून बमोजिम गाउँपालिकालाई तिर्नुपर्ने दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम म्याद नाघेको ६ महिना भित्र सबै प्रक्रिया पूरा गरी दर्ता प्रमाण-पत्र नवीकरण गराउन चाहने उपभोक्ता समितिले नवीकरण गर्न माग गरेमा थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले दर्ता प्रमाण-पत्र नवीकरण गरि दिनेछ।

४. **उपभोक्ता समितिको दर्ताको खारेजी :**

देहायका अवस्थामा गाउँपालिकाले उपभोक्ता समितिको दर्ताको प्रमाण-पत्र खारेज गर्न सक्नेछ।

(१) झुटो विवरण पेश गरी उपभोक्ता समिति दर्ताको प्रमाण-पत्र प्राप्त गरेको प्रमाणित भएमा ।

(२) सम्झौताको गम्भीर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखी आएमा ।

(३) उपभोक्ता समितिको बार्षिक साधारण सभा र लेखा परीक्षण ३ वर्षसम्म नगरेमा

(४) ३ वर्ष भन्दा बढी अवधि नवीकरण नभएको प्रमाण-पत्र स्वतः खारेज हुनेछ।

५. **दर्ता प्रमाण-पत्रको प्रतिलिपि दिने सम्बन्धी व्यवस्थाः**

कुनै उपभोक्ता समितिले दर्ता प्रमाण-पत्र हराएमा वा नासिएको कारणबाट समितिको दर्ता प्रमाण-पत्रको प्रतिलिपि प्राप्त गर्न निवेदन गरेमा गाउँपालिकाले तोकिएको दस्तुर लिई समिति दर्ता प्रमाण-पत्रको प्रतिलिपि दिनु पर्नेछ।

६. **सूचीकृत सम्बन्धी व्यवस्थाः**

खानेपानी तथा साना सिंचाईको उपभोक्ता समिति दर्ताको प्रमाण-पत्र घरपझोङ गाउँपालिका भन्दा बाहिर अन्य सार्वजनिक निकायमा दर्ता भएको भएता पनि माथि उल्लिखित प्रक्रिया पूरा गरी आएको उपभोक्ता समिति दर्ता प्रमाण-पत्रलाई गाउँपालिकाको कार्यविधि अनुसारनै सूचीकृत गरिनेछ।

७. कार्यविधिमा हेरफेर :

यो कार्यविधि घरपझोङ गाउँपालिकाले आवश्यक ठानेमा संशोधन गर्न सक्नेछ।:

८. **प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा तोकिए बमोजिमका व्यवस्थाहरु यसै बमोजिम र अन्य व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ।

९. **बाधा अडकाउ फुकाउने अधिकार :**

यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

१०. **बचाउ तथा खारेजीः**

यस कार्यविधिमा भएको व्यवस्था नेपालको संविधान तथा अन्य प्रचलित संघीय तथा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म बदरभागी हुनेछ ।

## अनुसूची १

**(कार्यविधिको दफा ३ (१) सँग सम्बन्धित)**

**उपभोक्ता समितिको दर्ता तथा सूचीकरणको लागि दिइने दरखास्तको नमूना**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

जोमसोम, मुस्ताङ ।

म/ हामीले खानेपानी/साना सिचाईं उपभोक्ता समिति गठन गरी दर्ता / आवद्द गर्न चाहेको हुनाले देहायका कुराहरु खुलाई यो दरखास्त पेश गरेको छु/छौं।

१. उपभोक्ता समितिको नाम र ठेगानाः
२. उपभोक्ता समितिको उद्देश्यः
३. स्रोत रहेको अञ्चल .... जिल्ला .........घरपझोङ गाउँपालिका .... वडा नं. .......
४. उपयोग गर्ने पानीको परिमाणः
५. परियोजना शुरु गरेको मितिः सम्पन्न भएको मिति
६. परियोजना सम्पन्न गर्दा लागेको अनुमानित खर्चः
७. संघीय सरकार, प्रदेश सरकार, सरकारी कार्यालयहरु वा गैर सरकारी संस्थाले विकास गरी हस्तान्तरण गर्ने परियोजना भए सो परियोजनाको नाम र तत् सम्बन्धि अन्य विवरणः
८. परियोजना सम्पन्न गर्न सम्बन्धित निकाय वा संस्थाले दिएको रकमः
९. स्थानीयबाट जनसमुदायको लागतः
१०. पानीको मुहान रहेको ठेगानाः
११. लाभान्वित घरधुरी संख्याः जम्मा लाभान्वित जनसंख्याः

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**दस्तखत दिने** **उपभोक्ता समितिको छाप**

सहीः ..........................................

नामः

पदः

ठेगानाः

सम्पर्क नं.:

मितिः

**निवेदनको साथ संलग्न गर्नु पर्ने आवश्यक कागजपत्रहरु**

१. समितिको दर्ता प्रमाण-पत्र प्रतिलिपी (पूरानो समितिको भए मात्र)
२. साधारण सभाको निर्णय प्रतिलिपी
३. संचालकहरुको नागरिकताको प्रमाण पत्र प्रतिलिपी
४. स्रोत धनीको मंञ्जुरीनामा भएमा
५. विधान

## अनुसूची २

**(कार्यविधिको दफा २ (२) सँग सम्बन्धित)**

**उपभोक्ता समितिको दर्ताको लागि पूरा हुनुपर्ने न्यूनतम योग्यताहरु**

१. परियोजनाको नाम र ठेगानाः

२. स्रोत सर्बेक्षण गर्न चाहने व्यक्ति, सस्थाको नाम, ठेगाना सम्पर्क

३. सर्बेक्षण गर्न चाहने स्रोत रहेको स्थानको पूरा ठेगाना, वडा कार्यालयसँगको दूरीः

४. स्रोत सर्वेक्षण तथा परियोजनाको उद्देश्यः

५. सर्वेक्षण गर्दा लाग्न जाने अनुमानित खर्चः

६. स्रोत रहेको वास्तविक भूगोलको अवस्थाः

७. स्रोत उपभोगको वास्तविक अवस्थाः

८. स्रोत उपभोग भईरहेको भए उपभोग भएको स्थान र उद्देश्यः

९. हाल उक्त स्रोतबाट लाभान्वित संख्याः

१०. स्रोतको वास्तविक स्थिर क्षमता र प्रयोग भइ रहेको भए त्यसको मात्राः

११. प्रस्तावित स्रोत परिचालन हुँदाको अवस्थामा स्रोत खपत हुने परिमाणः

१२. प्रस्तावित स्रोत परिचालन हुँदा लाभान्वित हुने स्थान र जनसंख्या

१३. परियोजना गर्दा विस्तापित हुने जनसंख्या र क्षतिः

१४. पर्यावरण तथा जैविक प्रभावः

१५. परियोजना सम्पन्न हुदा लाग्न सक्ने अनुमानित लागतः

१६. सर्वेक्षण अवधिमा बुझिएको तथ्य अन्य केहि भएः

१७. सर्वेक्षणमा संलग्न सदस्यहरुः

१८. सर्वेक्षण अवधिः

**अनुसूची ३**

**(कार्यविधिको दफा ३ (४) सँग सम्बन्धित)**

**उपभोक्ता समितिको दर्ता प्रमाण-पत्र**

**श्री ........................**

**.....................**

श्री घरपझोङ गाउँपालिकाको मिति ............................ को निर्णय उपभोक्ता समिति दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

१. उपभोक्ता समितिको नाम र ठेगानाः

२. उपभोक्ता समितिको उद्देश्यः

३. उपभोक्ता समितिले सञ्चालन गर्ने परियोजनाको नामः

४. परियोजनाको स्रोत रहेको स्थानको नामः

५. स्रोत रहेकोः वडा नं. टोलको नाम

६. उपयोग गर्न पाउने पानीको परिमाणः

७. उपभोक्ता समितिको कार्य क्षेत्रः

८. परियोजना शुरु गरेको मितिः

| गाउँपालिकाको छाप | प्रमाण-पत्र दिने आधिकारीको |
|---|---|
| | सहीः<br>नामः<br>मितिः |

**नोटः प्रचलित नेपाल कानून र घरपझोङ गाउँपालिकाको खानेपानी संरक्षण तथा वितरण कार्यविधि निसर्त पालना गर्दै उपभोक्ता समितिले उपभोक्ताहरुको हित र संरक्षणमा संधै प्रतिबद्द रहनु पर्ने छ ।**

**आज्ञाले,**
गौरी प्रसाद आचार्य
घरपझोङ गाउँ कार्यपालिकाको
**प्रमुख प्रशासकीय अधिकृत**
मिति : २०७७/११/२३